**आकाशवाणी समाचार- नेपाली**

मितिः २४ मार्च २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले पश्चिम एसियामा जारी तनावकाबीच भारतको दृष्टिकोणले पारस्परिक सम्बन्ध निर्माण गर्ने र संकटको अवस्थालाई प्रभावकारी रूपमा प्रबन्धन गर्ने देशको बलियो क्षमतालाई उजागर गरेको बताउनु भएको छ।

२. विदेशमन्त्री डा. एस. जयशंकरले पश्चिम एसियामा भइरहेको युद्ध र विश्वव्यापी अर्थतन्त्रमा यसको प्रभाव बारेमा अमेरिकी सिनेटर मार्को रुबियोसँग टेलिफोनमा कुराकानी गर्नुभयो।

३. पश्चिम बंगालमा एसआईआर मुद्दाको बारेमा अदालतको फैसलापछि निर्वाचन आयोगले पहिलो पूरक मतदाता सूची जारी गरेको छ।

४. केरलम विधानसभा चुनावको लागि नामांकन पत्रहरूको छानबीन आज गरिनेछ।

५. इरान, अमेरिका र इजरायलबीचको जारी युद्धबाट उत्पन्न आर्थिक अवरोधहरूको सामना गर्ने प्रयासमा इन्धनको बिक्री र वितरणमा नियन्त्रण लागू गर्ने स्लोभेनिया पहिलो युरोपेली संघ देश बनेको छ।

**प्रधानमन्त्री – पश्चिम एसिया**

प्रधानमन्त्री नरेन्द्र मोदीले पश्चिम एसियामा जारी तनावकाबीच भारतको दृष्टिकोणले पारस्परिक सम्बन्ध निर्माण गर्ने, निर्णायिक कदम चाल्ने र संकटको अवस्थालाई प्रभावकारी रूपमा प्रबन्धन गर्ने देशको बलियो क्षमतालाई उजागर गरेको बताउनु भएको छ। हिजो साँझ नयाँ दिल्लीमा एक निजी मिडिया समूहद्वारा आयोजित शिखर सम्मेलनलाई सम्बोधन गर्नु हुँदै प्रधानमन्त्री श्री मोदीले २८ फरवरीदेखि विश्वव्यापी अनिश्चितताको बाबजुद पनि भारत आत्मविश्वास र विकासप्रति दृढ प्रतिबद्धताका साथ अगाडि बढिरहेको बताउनु भयो।

**बाइट**

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नु भयो, भारत खाडी देशहरूदेखि ग्लोबल वेस्ट, ग्लोबल साउथ र यसका निकट छिमेकीहरूसम्म सबैको लागि एक विश्वसनीय साझेदारीको रूपमा देखा परेको छ। प्रधानमन्त्रीले आश्वासन दिनु भयो, सरकारले ईंधन, उर्वरक र आवश्यक सामाग्रीहरु उपलब्धता सुनिश्चित गर्न आवश्यक सबै उपायहरू गरिरहेको छ, जसले गर्दा आम नागरिकहरूले सामना गर्नुपरेको कठिनाइलाई कम गर्दैछ। यस्तो समयमा नागरिकहरूको भूमिकालाई प्रकाश पार्दै प्रधानमन्त्रीले 140 करोड़ जनताको सामूहिक प्रयासले देशलाई अगाडि बढाइरहेको र संकटको बीचमा पनि अर्थव्यवस्था तीव्र वृद्धि भइरहेको बताउनु भयो।

**जयशंकर वार्ता**

विदेशमन्त्री डा. एस. जयशंकरले हिजो अमेरिकी सिनेटर मार्को रुबियोसँग टेलिफोनमा कुराकानी गर्नुभयो। सामाजिक सञ्जालमा पोस्ट गर्नु हुँदै उहाँले भन्नुभयो, उहाँहरूको कुराकानी पश्चिम एसियामा भइरहेको युद्ध र विश्वव्यापी अर्थतन्त्रमा यसको प्रभावमा केन्द्रित थियो। डा. जयशंकरले भन्नु भयो, दुवैले ऊर्जा सुरक्षा सम्बन्धी चिन्ताहरूमा पनि विचार आदान प्रदान गरे।

हिजो, विदेशमन्त्रीले साउदी अरेबिया र संयुक्त अरब इमिरेट्स लगायत खाडी सहयोग परिषद्का सदस्य देशहरूका राजदूतहरूसँग पनि भेट गर्नुभयो। साउदी अरेबिया र युएईमा मात्र लगभग ८० लाख भारतीयहरू बसोबास गर्छन्। यस बैठकमा बहराइन, ओमान, कुवेत र कतारका राजदूतहरू पनि उपस्थित थिए। सामाजिक सञ्जालमा केन्द्रीय मन्त्रीले उल्लेख गर्नु भयो, उहाँ र छजना राजदूतहरूले पश्चिम एसियामा रहेको युद्धको बारेमा छलफल गरे। डा. जयशंकरले यस क्षेत्रमा रहेका भारतीय समुदायलाई निरन्तर सहयोगको लागि कृतज्ञता व्यक्त गर्नु भयो। यसअघि विदेशमन्त्रीले श्रीलंकाका विदेशमन्त्री विजिता हेराथसँग पनि कुराकानी गर्नु भयो र पश्चिम एसियामा युद्धको प्रभावबारे छलफल गर्नु भयो। उहाँले भारत आफ्नो 'छिमेकी पहिलो' नीति र 'भिजन सागर' प्रति प्रतिबद्ध रहेको दोहोर्‍याउनु भयो।

## पश्चिम बंगाल पूरक सूची

राज्यमा एसआईआर मुद्दाको बारेमा अदालतको फैसलापछि निर्वाचन आयोगले हिजो राति पश्चिम बंगालको लागि पहिलो पूरक मतदाता सूची जारी गर्‍यो। प्रत्येक मतदान केन्द्रको सूची निर्वाचन आयोगको वेबसाइटमा राति लगभग ११ बजेर ५५ मिनटमा उपलब्ध गराइएको थियो। पूरक सूचीमा ती मतदाताहरूको नाम समावेश छ जसको मुद्दा सर्वोच्च अदालतको निर्देशन अनुसार न्यायिक अधिकारीहरूले फैसला गरेका छन्। मुख्य निर्वाचन अधिकारी मनोज कुमार अग्रवालले भन्नु भयो, अहिलेसम्म लगभग २९ लाख नामहरूको बारेमा निर्णय भइसकेको छ। यीमध्ये कति नामहरू पहिलो पूरक सूचीमा समावेश थिए र कति हटाइएका थिए भन्ने तुरुन्तै पत्ता लगाउन सकिएन। यसअघि २८ फरवरीमा प्रकाशित अन्तिम मतदाता सूचीमा लगभग ६० लाख नामहरूलाई **निर्णयाधीन**को रूपमा चिन्ह लगाइएको थियो।

## निर्वाचन आयोग – पश्चिम बंगाल

निर्वाचन आयोगले हिजो पश्चिम बंगालका जिल्ला निर्वाचन अधिकारीहरू, पुलिस अधीक्षकहरू, पुलिस आयुक्तहरू र अन्य अधिकारीहरूका लागि अनलाइन समीक्षा र प्रशिक्षण सत्रको आयोजना गर्‍यो। आयोगका वरिष्ठ अधिकारीहरूले राज्यमा हिंसा, धम्की र प्रलोभनबाट मुक्त चुनाव सुनिश्चित गर्न जिल्ला प्रशासन र कानून व्यवस्था संयन्त्रको तयारीको समीक्षा गरे। बैठकमा वरिष्ठ अधिकारीहरूले मतदाता जागरूकता र पहुँच बढाउने उद्देश्यले गरिएका गतिविधिहरूका साथै सबै मतदान केन्द्रहरूमा आवश्यक सुविधाहरूको प्रावधानको बारेमा आश्वासन दिए। आयोगले भोलि पश्चिम बंगालमा निर्वाचन अधिकारीहरूका लागि प्रशिक्षण सञ्चालन गर्ने बताएको छ।

## तमिलनाडु-पुडुच्चेरी गठबन्धन

तमिलनाडुमा एनडीए गठबन्धनले विधानसभा चुनावको लागि सिट बाँडफाँड सम्झौतालाई अन्तिम रूप दिएको छ। चेन्नईमा भएको बैठकको नेतृत्व वरिष्ठ भाजपा नेता पियुष गोयल र एआईएडीएमकेका महासचिव इडाप्पाडी पलानीचामीले गर्नु भएको थियो। सम्झौता अनुसार, एआईएडीएमकेले १७८ सिटमा, भाजपाले २७ सिटमा, डा. अन्बुमणि रामादोसको नेतृत्वमा रहेको पीएमकेको गुटले १८ सिटमा र टीटीभी दिनाकरणको नेतृत्वमा रहेको अम्मा मक्कल मुन्नेत्र काच्चीले ११ सिटमा चुनाव लड्नेछन्। मिडियासँग कुरा गर्नु हुँदै श्री गोयलले भन्नु भयो, एनडीए गठबन्धनले महाराष्ट्र, हरियाणा, बिहार र दिल्ली जस्तै तमिलनाडु चुनावमा पनि जित हासिल गर्नेछ।कांग्रेस र डीएमकेले पनि हिजो आफ्नो सिट बाँडफाँड सम्झौतालाई अन्तिम रूप दियो। प्रदेश कांग्रेस अध्यक्ष के सेल्वापेरुन्थागाईले भन्नु भयो, पार्टीले आगामी राज्य विधानसभा चुनावमा एक सिटसँगै २८ विधानसभा सिटमा चुनाव लड्नेछ।यसैबीच पुडुच्चेरीमा पनि कांग्रेस र द्रविड मुन्नेत्र कझगमले सिट बाँडफाँड सम्झौतालाई अन्तिम रूप दियो। आगामी केन्द्र शासित प्रदेशको विधानसभा चुनावका लागि कांग्रेसले १६ सिटमा उम्मेदवारी दिनेछ भने द्रमुकलाई बाँकी १४ सिट दिइनेछ। द्रमुकले इन्डी गठबन्धनका साझेदारहरू, विदुथलाई चिरुथैगल कात्ची र भारतीय कम्युनिष्ट पार्टीलाई एक-एक सिट दिनेछ।

## केरलम नामांकन

केरलम विधानसभा चुनावको लागि नामांकन पत्रहरूको छानबिन आज गरिनेछ। यसैबीच, हिजो नामांकन प्रक्रिया समाप्त भएपछि राज्यमा चुनावी प्रचार तीव्र भएको छ। तीन प्रमुख राजनीतिक मोर्चाका नेताहरूले राज्यका विभिन्न भागहरूमा आफ्नो

प्रचार गतिविधिहरू तीव्र पारेका छन्। चुनावी अभियानमा भाग लिने प्रमुख नेताहरूमा मुख्यमन्त्री पिनारायी विजयन, विपक्षी दलका नेता वी.डी. सतीसन र भारतीय जनता पार्टीका प्रदेश अध्यक्ष राजीव चन्द्रशेखर पनि छन्। केरलम पत्र फिर्ता लिने अन्तिम मितिपछि उम्मेदवारहरूको अन्तिम सूची बिहीबार जारी गरिनेछ।

**बाइट**

## हिमाचल प्रदेश ईंधन उपकर विधेयक

हिमाचल प्रदेश विधानसभाले हिमाचल प्रदेश मूल्य अभिवृद्धि कर (संशोधन) विधेयक, २०२६ पारित गरेको छ। यसले राज्य सरकारलाई पेट्रोल र हाई-स्पीड डिजेलमा प्रतिलिटर ५ रुपियाँसम्मको उपकर लगाउने अधिकार प्रदान गर्दछ। विपक्षीहरूको वि

## स्लोभेनिया इन्धन नियन्त्रण

इरान, संयुक्त राज्य अमेरिका र इजरायलबीचको जारी युद्धबाट उत्पन्न आर्थिक अवरोधहरूको सामना गर्ने प्रयासमा इन्धनको बिक्री र वितरणमा नियन्त्रण लागू गर्ने स्लोभेनिया पहिलो युरोपेली संघ देश बनेको छ। यो युद्धले सम्पूर्ण क्षेत्रमा इन्धनको मूल्यमा उल्लेखनीय वृद्धि भएको छ। स्लोभेनियामा निजी मोटर चालकहरूको लागि दैनिक ५० लिटरको खरिद सीमा लगाइएको छ, जबकि व्यवसाय र किसानहरूलाई २०० लिटरसम्म खरिद गर्न अनुमति दिइएको छ। रोध र विधानसभाको कार्यवाहीको बहिष्कारको बावजुद यो विधेयक पारित भएको हो।